## २०८१ माघ १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | यस वर्षको सहिद दिवस (माघ १६ गते) सङ्घ, प्रदेश र स्थानीय तहले भव्य रूपमा मनाउने। सहिद दिवसलाई भव्य रूपमा मनाउने सन्दर्भमा केन्द्रमा गृह मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने। | |
| 2 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | थाइल्याण्डमा मिति २०८१ माघ १५ देखि २० सम्म आयोजना हुने Prestigious Annual Meetings of the Prince Mahidol Awards Conference (PMAC) कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 3 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्तहरू क्रमशः माननीय डा. सुमित्रा श्रेष्ठ अमात्य र माननीय किशोर कुमार सिलवालको २०८१ फागुन १३ देखि २० सम्म Asian Institute of Technology (AIT Extention) मा सञ्चालन हुने Governance & Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption Eradication Strategy विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 4 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 5 | अर्थ मन्त्रालय | विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकास कार्यक्रम (दोस्रो) का लागि विश्व बैंकको विकास नीति ऋणअन्तर्गत प्राप्त हुने एक सय मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| 6 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा २१ बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकलाई निरीक्षण अधिकृत तोक्ने र निरीक्षण अधिकृतको कार्यक्षेत्र नेपालभर रहने। |
| 7 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | बोराङ नौबिसे (रातमाटे) २२० के.भी. प्रसारण लाइनको टावर निर्माण गर्न धादिङ जिल्लाको रुबीभ्याली गाउँपालिका, खनियाबास गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका र निलकण्ठ नगरपालिका तथा नुवाकोट जिल्लाको तारकेश्वर गाउँपालिका र |

| | | |
|---|---|---|
| | | बेलकोटगढी नगरपालिका क्षेत्रमा पर्ने निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 8 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | गल्छी रातामाटे २२० के.भी. प्रसारण लाइन आयोजनाअन्तर्गत धादिङ र नुवाकोट जिल्लामा २२० के.भी. प्रसारण लाइन आयोजनाको टावर प्याड निर्माणको लागि धादिङ जिल्लाको गल्छी गाउँपालिका र नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 9 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सिक्टा सिँचाइ आयोजनाको लागि आवश्यक पर्ने बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका, जानकी गाउँपालिका, डुडुवा गाउँपालिका, राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिकामा निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 10 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० बमोजिम काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासबाट हेरिने मुद्दाको प्रादेशिक क्षेत्राधिकार रहने गरी भक्तपुर जिल्लामा बाल अदालत गठन गर्ने र उक्त बाल अदालत संवत् २०८२ साल बैशाख २ गतेदेखि सञ्चालन गर्ने। |
| 11 | रक्षा मन्त्रालय | नेपाली सेनाका अवकाश प्राप्त उपरथी यामप्रसाद ढकाललाई राष्ट्रिय सेवा दलको कार्यकारी महानिर्देशकमा नियुक्त गर्ने। |
| 12 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| 13 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने। |
| 14 | नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचीमा हेरफेर तथा थपघट गर्न स्वीकृति दिने। | |
| 15 | निजामती सेवाका विभिन्न सेवा, समूह र उपसमुहका राजपत्राङ्कित द्वितीय श्रेणीका १९ जना अधिकृतहरूलाई बढुवा समिति/लोक सेवा आयोगको सिफारिस अनुसार सम्बन्धित सेवा, समूह र उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा बढुवा नियुक्त गर्ने। | |